# दृष्टिविहीनका लागि कामना सेवा विकास बैंकको तालीम

काठमाडौं (अस) । कामना सेवा विकास बैंक लिमिटेडले समावेशी बैंकिङलाई प्रवर्द्धन गर्दै दृष्टिविहीन नागरिकलाई बैंकिङ पहुँचसँग जोड्ने उद्देश्यका साथ वित्तीय साक्षरता तथा हस्ताक्षर तालीम कार्यक्रम सम्पन्न गरेको छ । सर्वोदय परियोजनासँगको सहकार्यमा आयोजित उक्त कार्यक्रममा दृष्टिविहीन व्यक्तिलाई वित्तीय साक्षरताको उद्देश्यले दुईदिने कार्यशाला गोष्ठी आयोजना गरेको हो ।

कार्यक्रममा बैंकका ब्रान्डिङ तथा सिएसआर प्रमुख सुशील पौडेलले बचतको महत्त्व, व्यक्तिगत बजेट निर्माण, पारिवारिक बजेट निर्माण, आर्थिक अनुशासन, आर्थिक लक्ष्य, भविष्यका लगानीका अवसर, डिजिटल कारोबार, डिजिटल ठगी लगायतका विषयमा वित्तीय साक्षरता प्रदान गरेका थिए । कार्यक्रममा हस्ताक्षर तालीमलाई विशेष प्राथमिकता दिइएको थियो । बैंकिङ कारोबारका क्रममा आवश्यक पर्ने हस्ताक्षरसम्बन्धी व्यवहारिक अभ्यास गराउँदै सहभागीलाई आत्मविश्वासी बनाउने प्रयास गरिएको थियो । उक्त तालीमले दृष्टिविहीन व्यक्तिलाई बैंकिङ प्रक्रिया सहज रूपमा प्रयोग गर्न थप सहयोग पुग्ने विश्वास बैंकको छ ।

उक्त कार्यक्रममा ४० जना दृष्टिविहीन व्यक्तिहरूको सहभागिता थियो । बैंकले आगामी दिनमा पनि समावेशी बैंकिङलाई प्रवर्द्धन गर्दै विभिन्न समुदाय लक्षित वित्तीय सचेतना तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्दै जाने जानकारी दिएको छ । कार्यक्रममा सर्वोदय परियोजनाका अध्यक्ष युवराज वाग्लेले दृष्टिविहीनलाई कामना सेवा विकास बैंकले समावेशी बैंकिङतर्फ गरिएको पहल तथा हस्ताक्षर तालीम प्रति खुशी व्यक्त गर्दै वित्तीय साक्षरता कार्यक्रम उपयोगी र प्रभावकारी रहेको बताए ।

बैंकले दृष्टिविहीनलाई लक्षित गरी ‘स्वाभिमान बचत खाता’ सञ्चालनमा ल्याएको छ । उक्त खाता खोल्ने दृष्टिविहीनले अन्य व्यक्तिले जस्तै मोबाइल बैंकिङ, एटिएम कार्ड लगायतका सुविधा प्रयोग गर्न सक्ने बैंकले जनाएको छ । बैंकले उक्त खाता



खोल्नका लागि दृष्टिविहीन भएको कारणले अतिरिक्त कुनै पनि कागजात वा अन्य कुनै साक्षी आवश्यक नपर्ने र खाता सञ्चालनसम्बन्धी शर्त ब्रेल लिपिमा समेत उपलब्ध गराउँदै आएको बताइएको छ ।

कार्यक्रमको समापनसँगै बैंकका ब्रान्डिङ तथा सिएसआर प्रमुख पौडेलले तालीमलाई आगामी दिनमा थप प्रभावकारी र व्यापक बनाउँदै दृष्टिविहीन व्यक्तिलाई आत्मनिर्भर तथा सहज बैंकिङ अभ्यासतर्फ अभिप्रेरित गर्ने प्रतिबद्धता व्यक्त गरे । बैंकले यस्ता तालीममार्फत वित्तीय पहुँच मात्र होइन, आत्मविश्वास र सामाजिक समावेशितामा समेत सकारात्मक योगदान पुग्ने विश्वास लिएको छ ।

# ‘बजाज ग्रान्ड एक्सचेन्ज कार्निभल’ शुरू

काठमाडौं (अस) । नेपालका लागि बजाज बाइकको आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनी प्रालिले ग्राहकका लागि विशेष अफरसहित ‘न्यु खोज्नेलाई झ्याम्मै, ग्रान्ड एक्सचेन्ज कार्निभल’ शुरू गरेको छ ।

कार्निभल काठमाडौंको भृकुटीमण्डपमा सोमवारदेखि शुरू भएको हो । कार्निभल जेठ ३ गतेसम्म चल्नेछ । कार्यक्रममा ग्राहकले आफ्नो पुरानो मोटरसाइकल वा स्कुटर साटेर नयाँ बजाज मोटरसाइकल खरीद गर्दा विभिन्न आकर्षक सुविधा पनि प्राप्त गर्न सक्नेछन् ।

कार्निभलमा सहभागी ग्राहकको पुरानो सवारीसाधनको मूल्याङ्कन २२ जना अनुभवी मूल्याङ्कनकर्तामार्फत गरिने बताइएको छ । साथै, नयाँ बजाज मोटरसाइकल खरीद गर्दा ग्राहकहरूले रू. १ लाखसम्म नगद छूट प्राप्त गर्न सक्ने पनि कम्पनीले उल्लेख गरेको छ ।

यसका अतिरिक्त ग्राहकले कार्निभल स्थलमै सहज वित्तीय सुविधा, निःशुल्क एसेसरिज तथा निःशुल्क सेवा शुल्क लगायतका सुविधाहरु प्राप्त गर्नेछन् । बजाज नेपालले ग्राहकको आवश्यकता र चाहनालाई ध्यानमा राख्दै यस्ता आकर्षक योजना तथा अफर निरन्तर ल्याउँदै आएको बताइएको छ ।

# अनलाइनमार्फत टेलिकमको नयाँ प्रिपेड ई-सिम

काठमाडौं (अस) । नेपाल टेलिकमको नयाँ प्रिपेड ई-सिम अब अनलाइनबाटै लिन सकिने भएको छ । यसअनुसार अब नयाँ ई-सिम लिन व्यक्ति स्वयं उपस्थित भएर नेपाल टेलिकमको कार्यालय जानुपर्ने बाध्यता हटेको टेलिकमले जानकारी दिएको छ ।

नयाँ प्रिपेड ई-सिम लिन चाहने सेवाग्राहीले ‘इसिम डट नेट डट एनपी’ लगइन त्यहाँ रहेको ‘गेट न्यू प्रिपेड इसिम’मा क्लिक गरेपश्चात् दिइएको निर्देशनअनुसार रजिष्टर गरी आवश्यक विवरण उपलब्ध गराउनुपर्नेछ । त्यसपछि विभिन्न वालेट तथा क्यूआर कोडमार्फत रकम भुक्तानी गरेपश्चात् ई-सिमको क्यूआर कोड उपलब्ध हुने बताइएको छ । उक्त क्यूआर कोड स्क्यान गरी आफ्नो मोबाइल सेटको सेटिङमार्फत ई-सिम सक्रिय गर्न सकिनेछ । योभन्दा पहिलेदेखि नै प्रयोगमा रहेको सिमलाई अनलाइनमार्फत ई-सिम बनाउन सकिने सुविधा समेत उपलब्ध छ । नयाँ फिजिकल सिम लिनका लागि आवश्यक फारम भर्न र ग्राहक विवरण अर्थात् केवाईसी दर्ता गर्न वा अद्यावधिक गर्न आवश्यक अनलाइन केवाईसी पोर्टल समेत यसैमा उपलब्ध रहेको बताइएको छ ।

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

(प्रकाशित मितिः २०८३/०१/२९ गते)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउँन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, लौकही, सुनसरी ।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे /ससुरा नाम | पिता/ पतिको नाम | उद्देश्य | साँवा रकम | मिति २०८२।१२।३० सम्मको बाँकी ब्याज र अन्य | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री पुनम कुमारी यादव | भोकाहा ६ सुनसरी भई हाल भोकाहा नरसिंह ०१, सुनसरी | शम्भु यादव | गुलाई यादव/दिपेन्द्र यादव | सरलकृषि कर्जा (स्थिर पुजी) | २०००००० | १३३४२१.३२ | १३३४२१.३२ | दिपेन्द्र यादव |
| | | | | | घरायशी कर्जा (चालु पुजी) | ६००००० | २८५४७.५६ | २८५४७.५६ | |
| २ | श्री विनोद प्रसाद यादव | पश्चिम कुशाहा ०५ सुनसरी भई हाल कोशि ०२, सुनसरी | सुनर यादव | देव नारायण यादव | सरलकृषि कर्जा (स्थिर पुजी) | ८५०००० | ९५८७८.१६ | ९४५८७८.१६ | ममता कुमारी यादव |
| ३ | श्री बैजनाथ प्रसाद मेहता | नरसिंह ०४ सुनसरी भई हाल भोकाहा नरसिंह ०४, सुनसरी | किसन यादव | फनिफल यादव | सरलकृषि कर्जा | ९००००० | ९२२७०७.३४ | ९२२७०७.३४ | श्रीमती सविता देवी यादव |
| ४ | श्री जमिला मिंया | भोकाहा ०९, सुनसरी भई हाल भोकाहा नरसिंह ०४, सुनसरी | आली मिया | इस्लाम मिया/इसाक मिया | सरलकृषि कर्जा | ९००००० | ५५११६१.५८ | ५५११६१.५८ | इसाक मिया |
| ५ | श्री करमुदिन मिया | नरसिंह ०४, सुनसरी भई हाल भोकाहा नरसिंह ०५, सुनसरी | बुधु मिया | महमद मिया | सरलकृषि कर्जा स्थीर | ८०९५२३.८ | १३७६२३.४८ | १३७६२३.४८ | सुरमा खातुन |
| ६ | श्री किरण जनरल स्टोर प्रो. किरण कुमारी यादव | भोकाहा नरसिंह ०३, सुनसरी | अवध नारायण यादव | राजेन्द्र प्रसाद यादव/श्याम कुमार यादव | ब्यापार कर्जा स्थीर | १३३२८४७.४३ | २११९१४.६४ | २११९१४.६४ | श्याम कुमार यादव |

**कृषि विकास बैंक लि.**
**असुली तथा अनुगमन विभाग**
**काठमाडौं**

UNILEVER NEPAL LIMITED

# Unilever Nepal Limited

## Statement of Financial Position As at 30th Chaitra 2082 (Unaudited)

(NRs In Lakhs)

| Particulars | 3rd Qtr. 2082-83 | 3rd Qtr. 2081-82 |
|---|---|---|
| **ASSETS** | | |
| **Non-Current Assets** | | |
| Property, plant and equipment | 16,625 | 15,457 |
| Intangible assets | 3 | 4 |
| Right of use Assets -Lease | 3,911 | 1,520 |
| Deferred tax assets | 272 | 259 |
| **Total Non-Current Assets** | **20,811** | **17,241** |
| **Current Assets** | | |
| Inventories | 11,571 | 11,397 |
| Trade and other receivables | 15,693 | 12,176 |
| Investments in Fixed Deposit | 14,042 | 18,039 |
| Prepayments | 52 | 117 |
| Cash and cash equivalents | 9,772 | 8,292 |
| Current Tax Assets | 1,030 | - |
| **Total Current Assets** | **52,160** | **50,021** |
| **Total Assets** | **72,972** | **67,262** |
| **EQUITY AND LIABILITIES** | | |
| **Equity** | | |
| Share capital | 921 | 921 |
| Retained earnings | 46,188 | 46,494 |
| **Total Equity** | **47,109** | **47,415** |
| **Liabilities** | | |
| **Non Current Liabilities** | | |
| Lease Liabilities | 2,538 | 1,392 |
| Provisions | - | - |
| **Total Non Current Liabilities** | **2,538** | **1,392** |
| **Current Liabilities** | | |
| Trade and other payables | 20,283 | 16,497 |
| Lease Liabilities | 2,032 | 643 |
| Provisions | 1,011 | 959 |
| Current Tax Liability | - | 355 |
| **Total Current Liabilities** | **23,325** | **18,454** |
| **Total Liabilities** | **25,863** | **19,847** |
| **Total Equity and Liabilities** | **72,972** | **67,262** |

Previous year's figures have been regrouped whenever necessary.

## Statement of Profit & Loss For the Quarter ended Chaitra 2082 (Unaudited)

(NRs In Lakhs)

| Particular | 3rd Qtr. 2082-83 | 3rd Qtr. 2081-82 |
|---|---|---|
| Revenue from operations | 18,727 | 19,665 |
| Other income | 427 | 608 |
| **TOTAL INCOME** | **19,154** | **20,273** |
| **EXPENSES** | | |
| Cost of materials consumed | 8,713 | 8,665 |
| Employee benefits expenses | 1,474 | 1,482 |
| Depreciation and amortisation expenses | 863 | 743 |
| Finance Cost | 80 | 65 |
| Other expenses | 2,375 | 3,200 |
| **TOTAL EXPENSES** | **13,504** | **14,154** |
| **Profit before tax** | **5,650** | **6,119** |
| Income Tax Expense | 1,097 | 1,297 |
| **Profit from continuing operations** | **4,553** | **4,822** |
| **Net Profit** | **4,553** | **4,822** |

**Notes:**
1. Previous year's figures have been regrouped whenever necessary.

Annexure 14:
(Related with Rule 26 (1))
Unilever Nepal Limited has articulated its purpose as,
**"To earn the love and respect of Nepal by making a real difference to every Nepali."**
The company intends to do this by driving our brands and business to create a
**'Swastha' and 'Saksham' Nepal.**

**1. Financial Statements**

**a) Third Quarter Balance Sheet and P&L Account**

Profit & Loss A/C for 3rd Quarter of 2082-83 and the corresponding Balance Sheet are attached. Data provided for the 3rd Quarter is for period Magh to Chaitra this year & comparative for last year.

There have been no material related party transactions, pecuniary transaction or relationship between Unilever Nepal Ltd. and its Directors for the period ended on Chaitra 2082 that may have a potential conflict with the interests of the company at large.

**b) Earnings Per Share, P/E Ratio, Net worth per share and ratio of liquidity.**

**- Earnings Per Share:**
- For the 3rd Qtr. of Year of 2082-83 is Rs 495 (Rs 1,804 annualized) against Rs 524 (Rs 2,074 annualized) of previous year same period.

**- P/E Ratio: (**Based closing price at NEPSE as on Chaitra end and EPS for last 4 quarters)
-Current Year (3rd Qtr.) 25.88 & Previous Year (3rd Qtr.) 21.12

**Net worth Per Share:**
- Current Year (3rd Qtr.) Rs.5,117 & Previous Year (3rd Qtr.) Rs. 4,593

**-Ratio of liquidity:**
- Current Year 2.24 (end of 3rd Qtr.) against 2.71 (end of 3rd Qtr.) of previous year.

**2. Analysis of Management**

a) The company's revenue from operations for the current quarter stands at Rs.1,873 million, marking a 5% quarter-on-quarter decline. Operating environment remained challenging characterized by subdued consumer demand, inflationary cost pressures, and continued liquidity constraints. With the temporary market disruptions, delays in trade movement and reduced retail activity during the federal election environment, the initial half of the quarter was more impacted after which growth momentum has picked up.

Our Beauty & Wellbeing and Home Care Business Groups have both grown in volume while Personal Care remains challenged. Market challenges within value and mass-market segments, majorly led by GST rate changes in India, required continued investment in trade schemes, route-to-market execution, and consumer promotions, resulting in increased trade spend.

b) Net profit for the quarter stands at Rs. 455 million, reflecting a 6% decline quarter-on-quarter, largely due to sales contraction and material costs inflation. Our ability to take pricing remained limited after the GST changes making locally manufactured products price uncompetitive. Despite these challenges, the company partially mitigated the sales drop flowing into profit through robust savings programs and proactive optimization of the price-to-cost ratio.

**3.** During the period under reference no case has been filed either by the corporate body or against the corporate body in the name of any Director/Promoter of the company.

**4. Analysis of the share transaction of the corporate body:**

a) Dealing of our company's share is the prerogative of the Nepalese public. We however prefer to focus on company's performance, i.e., on the top line & bottom-line growth of the company

b) Share transaction details as taken from the NEPSE Website for the last 60 days are mentioned below:
Maximum Price: Rs 47,980
Minimum Price: Rs 46,000
Closing Price: Rs 46,700

Total transaction days: 60 Days
Transaction Nos.: 2,636 Shares

**5. Problems & Challenges**

In the domestic market, prolonged liquidity constraints, cautious consumer spending behavior, and slower trade activity continued to affect sales momentum across several FMCG categories. Global geopolitical tensions, including the ongoing middle east conflict, contributed to volatility in fuel and energy prices, resulting in higher transportation, logistics, and distribution costs across the value chain. This has also increased input costs, adversely affecting overall operating margins and creating uncertainty in commodity pricing and supply chains.

In response to these challenges, management continued to focus on cost optimization initiatives, supply chain efficiency, distributor engagement, portfolio rationalization, and disciplined pricing actions aimed at protecting market competitiveness and sustaining long-term business resilience

With the new government, management looks forward to positive macroeconomic reforms which will help to bring back the company's growth aspirations through its strong brand portfolio, nationwide distribution network, and long-term commitment to the Nepalese market position. While near-term market conditions remain challenging, management remains focused on operational agility, prudent cost management, and strengthening execution capabilities to support sustainable long-term growth in the Nepal market.

**6. Corporate Governance**

The company believes in the highest standards of corporate behavior which are laid out through a written Code of business principles for transparency & all statutory/legal compliance by the company, its redistribution stockiest, suppliers, transporters, contractors, and other business partners with whom the company associates through its operations. The management has achieved good governance and responsible management practices which are benchmarked to the best managed global companies.

I take full responsibility of the facts, data and information which have been mentioned in the report till today and submitted with the report. I declare that as per my knowledge all the details and information of this report are true, factual, and full and we did not hide any details, notice, information which are required by the investors to take their decision

On behalf of Unilever Nepal Limited
**Amlan Mukherjee**
**Managing Director**